# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, ज्येष्ठ २३ गते २०२९ साल [संख्या ८

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जनकपुर भंसार कार्यालयको कठाल छोटी भंसार कार्यालयको भवन निर्माण गर्ने कार्यको लागि जनकपुर अञ्चल धनुषा जिल्लाको वलहा गोठ गा. पञ्चायत वडा नं. १ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व वोएलाल पाठकको र वचेलाल पाठकको जग्गा, पश्चिम सडक, उत्तर परमेश्वर वेल्दारको जग्गा, दक्षिण जनकपुर जिल्ला धनुषा वलहा गोठ गा. पञ्चायत वडा नं. १ बस्ने श्री मदनलाल पाठकको रैती नं. ६६ पोखरीको मुहार यति ४ किल्लाभित्रको रै नं. ६६ को निज मदनलाल पाठकको नाममा दर्ता भएको जग्गामध्ये ०–१–१४ (एक कट्ठा चौध धुर) को मालपोत रू. ३।८० (तीन रूपैयाँ असी पैसा) लागेको जग्गा कित्ता– – – –१

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।